# तेत्तिसौं साधारण सभा

एम्नेस्टी इन्टरनेसनल
एम्नेस्टी इन्टरनेसनल नेपाल

एम्नेस्टी इन्टरनेसनल नेपालको नेसनल बोर्ड, नोमिनेसन कमिटि, प्रेपरेटोरी कमिटि र पुनरावेदन समितिका पदहरूमा एम्नेस्टी नेपालका व्यक्तिगत सदस्यहरूको क्लस्टरबाट इच्छुक सदस्यहरूको लागि **उम्मेदवारीको मनोनयन/चाहना पत्र**

*(अर्को पृष्ठमा दिएको उम्मेदवारी सम्बन्धी जानकारी अनिवार्य रूपमा पढी त्यसमा उल्लेख गरिए बमोजिमका शर्तहरू पूरा गरिएको हुनुपर्नेछ।।)*

**उम्मेदवारको व्यक्तिगत विवरण**

उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

१. नामः

२. स्थायी ठेगानाः

(नागरिकताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुहोला)

घरको फोन नं. अफिसको फोन

मोबाइल नं. इमेल

३. जन्ममितिः

४. शैक्षिक योग्यताः

५. हालको पेशा (कार्यालयको नाम, पद समेत):

६. सुरूमा एम्नेस्टी नेपालमा सदस्यता लिएको मिति :

७. सदस्यता सकिने मिति (Membership expiry date):

८. उम्मेदवारी दिन चाहेको पद (तलका मध्ये कुनै एकमा मात्र ✓ चिन्ह लगाउनुहोस्।एकभन्दा बढीमा चिन्ह लगाएको फारम रद्द हुनेछ।):

| नेसनल बोर्ड | | | | | |
|---|---|---|---|---|---|
| अध्यक्ष | कोषाध्यक्ष | सदस्य महिला | सदस्य खुला | सदस्य युवा महिला | सदस्य युवा खुला |
| **प्रेपरेटोरी कमिटि** | | | | | |
| सदस्य महिला | | | सदस्य खुला | | |
| **नोमिनेसन कमिटि** | | | | | |
| संयोजक | | सदस्य महिला | | सदस्य खुला | |
| **पुनरावेदन समिति** | | | | | |
| संयोजक | | सदस्य महिला | | सदस्य खुला | |

(यदि विशेष व्यवस्थाअन्तर्गतको महिला, युवा महिला वा युवा खुला सदस्य पदमा उम्मेदवारी दिन चाहेको हो भने “महिला, युवा महिला र युवा खुला सदस्य” मध्ये कुनै एकमा ✓ चिन्ह लगाउनुहोला। एम्नेस्टी नेपालको विधानले १७ देखि २५ वर्षका सदस्यहरूलाई युवा सदस्यका रूपमा परिभाषित गरेको छ । तर नेसनल बोर्ड युवा सदस्यमा उम्मेदवारी दिने सदस्यको उमेर भने १७ वर्ष पूरा भई २५ वर्ष पूरा नभएको हुनुपर्ने छ।)

उम्मेदवारको हस्ताक्षरः

मितिः

**स्वः घोषणा**

म एम्नेस्टी इन्टरनेसनल नेपालको नेसनल बोर्ड/पुनरावेदन समिति/नोमिनेसन कमिटि/प्रपरेटोरी कमिटिको ............................ पदको उम्मेदवार श्री ...............................................एम्नेस्टी इन्टरनेसनल नेपालको विधान २०५८ (सन् २००१) को आठौं संशोधन २०८० (२०२३) को दफा ११ को उपदफा (३) ले निर्धारण गरेबमोजिम नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय नपाएको, विगतमा मानवअधिकार विरोधी कार्यमा संलग्न नभएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था नराखे, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न बाँकी बक्यौता नभएको, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनैपनि गतिविधिमा संलग्न नरहेको, कुनै पनि राजनीतिक दलको स्थानीय, प्रादेशिक, जिल्ला वा केन्द्रीयस्तरका समिति, कार्य दल वा भातृ सङ्गठनको कार्यसमिति सदस्य पदमा नरहेको कुरा यसैसाथ स्वःघोषणा गर्दछु। अन्यथा प्रमाणित भएमा प्रचलित नियमा र कानुनअनुसार हुने कुरामा म स्पष्ट छु।

उम्मेदवारको हस्ताक्षरः

**एम्नेस्टी नेपालको नेसनल बोर्ड र पुनरावेदन समितिको निर्वाचनका लागि उम्मेदवारीको मनोनयन/चाहना पत्रसम्बन्धी केही महत्त्वपूर्ण जानकारी**

१. उम्मेदवारी दिँदा एम्नेस्टी नेपालको विधान, साधारण सभा नियमावली तथा अन्य नियमावलीमा उल्लेख भएको वा तोकिएबमोजिमको आधार र प्रक्रियाहरू पूरा गरिएको हुनु पर्नेछ। त्यस्ता आधार र प्रक्रियाहरू पूरा नगरी प्रेषित गरिएका उम्मेदवारीका मनोनयन पत्रहरू सदर हुने छैनन्।

२. उम्मेदवारीको आवेदन दिँदा एम्नेस्टी नेपालको विधान तथा साधारण सभा सञ्चालनसम्बन्धी नियमावलीमा भएका निम्नानुसारको व्यवस्था पालना भएको हुनुपर्नेछ।

*एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ आठौं संशोधन २०८०* *को* ***दफा ११ को उपदफा ३***

**(३) उम्मेदवारको योग्यता तथा अयोग्यता**

(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने नेसनल बोर्ड, प्रेपरोटेरी कमिटि, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कका सदस्य, व्यक्तिगत सदस्य र नोमिनेसन कमिटिद्वारा आमन्त्रित व्यक्तिहरूले मात्र उम्मेदवारी दिन पाउने छन्।

(ख) नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, विगतमा मानवअधिकार विरोधी कार्यमा संलग्न भएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था राखे, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न बाँकी बक्यौता भएको, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न रहेको, कुनै पनि राजनीतिक दलको स्थानीय, प्रादेशिक, जिल्ला वा केन्द्रीयस्तरका समिति, कार्य दल वा भातृ सङ्गठनको कार्यसमिति सदस्य रहेको वा नोमिनेसन कमिटिको मूल्यांकनबाट तोकिएबमोजिमको योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। साथै उल्लेखित कुनै कुरा लुकाई उम्मेदवार भई निर्वाचित भएको तथ्य पछि खुल्न आएमा निर्वाचित भइसकेपछि पनि त्यस्ता समितिहरूको सदस्य भएमा निज स्वतः पदमुक्त भएको मानिने छ। यसरी पदमुक्त भएको घोषणा गर्दा नेसनल बोर्डले निजलाई सफाइको मौकाबाट वञ्चित गर्ने छैन।

*एम्नेस्टी नेपाल शाखाको साधारणसभा नियमावली २०६२ को छैठौं संशोधन, २०८० को* ***परिच्छेद ८ को नियम नं. १५***

(ज) . . . एम्नेस्टी नेपालको नेसनल बोर्ड र पुनरावेदन समितिमा उम्मेदवार बन्न चाहने समूह तथा युथनेटवर्कका सदस्य र अन्य सदस्यहरूले उक्त कमिटिसमक्ष तोकिएको प्रावधान पूरा गरी आफ्नो चाहना पत्र पेश गर्नुपर्नेछ। कमिटीले काम थालेको डेढ महिना भित्र त्यसरी आएका चाहनापत्रका बारेमा आफ्नो सिफारिस सहितको प्रतिवेदन निर्वाचन समितिलाई पेश गर्नेछ। समूह र युथनेटवर्कमार्फत् सदस्य बनेकाहरूले चाहना पत्रमा समूह र युथनेटवर्कको सिफारिस अनिवार्य राख्नुपर्नेछ। व्यक्तिगत सदस्यहरूको क्लस्टरबाट इच्छापत्र जाहेर गर्नेले रितपूर्वक फारम भरी सचिवालयमा दर्ता गराई नोमिनेसन कमिटिद्वारा तोकिएको छानबिन (vetting) प्रकृया पार गरेको हुनुपर्नेछ। तोकिएको समयभित्र राष्ट्रिय सचिवालयमा उम्मेदवार वा समूहका प्रतिनिधि उपस्थित भई वा इमेलको माध्यामबाट उम्मेदवारीलाई विधिवत दर्ता गराउनु पर्नेछ। रीतपूर्वक नभरिएको वा तोकिएको समय भन्दा पछि प्राप्त भएका मनोनयन पत्रहरूले मान्यता पाउने छैनन्।

(झ) उम्मेदवारी मनोनयन पत्रका साथ तोकिएको ढाँचामा उम्मेदवारको एक पेजको व्यक्तिगत विवरण (Curriculum vitae) का साथै एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नेतृत्वदायी भूमिकामा आउन चाहनुको कारण, व्यक्तिगत प्रतिबद्धता तथा संस्थाको लागि आफूले लिएको परिदृष्य र लक्ष्यसमेत समावेश गरिएको बढीमा एक पेजको आवेदन पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरणमा उल्लेख गरेअनुसारको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ। त्यसरी सचिवालयमा दर्ता भएको उम्मेदवारहरूको मनोनयनको जानकारी सचिवालयले साधारणसभा भन्दा १५ दिन अगावै सबै सदस्य तथा साधारण सभाका प्रतिनिधिहरूमा पठाउनु पर्नेछ।

३. उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण (Curriculum vitae) छुट्टै पेश गर्नुपर्नेछ। व्यक्तिगत विवरण सकेसम्म ए-४ साइजमा एक पेजभित्र अटाउने गरी तयार गरिएको हुनुपर्नेछ। व्यक्तिगत विवरणमा उल्लेख गरिएका विवरणहरू सही र साँचो हुनुपर्नेछ र यहाँ उल्लेख गरिएको शैक्षिक योग्यता झल्काउने प्रमाणपत्रका प्रतिलिपिहरू उम्मेदवारी साथै समावेश गरिएको हुनुपर्नेछ।

४. थप जानकारीका लागि एम्नेस्टी नेपालको विधान तथा नियमावलीहरू हेर्नुहोला।

५. मनोनयन/चाहना पत्र इमेलबाट पनि पठाउन सकिनेछ। इमेलबाट पठाउँदा नोमिनेसन फारमलगायतका सबै कागजातहरूलाई स्पष्ट रूपमा बुझिने गरी स्क्यान गरी पठाइएको हुनुपर्नेछ। इमेलमार्फत पठाइएको आवेदन प्राप्त भएपछि उम्मेदवारी प्राप्त गरिएको भनी एउटा “अटोमेटेड रेस्पन्स” सम्बन्धित इमेलमा प्राप्त हुनेछ।

६. मनोनयन/चाहना पत्र २०८१ मंसिर ९ गते (२४ नोभेम्बर २०२४) गते अपरान्ह ५ बजेभित्रमा राष्ट्रिय सचिवालयमा विधिवत दर्ता गरिसक्नु पर्नेछ।

७. मनोनयन/चाहना पत्र पेश गर्ने सम्बन्धित व्यक्तिले यस फारमको पृष्ठ १ मा तोकिएबमोजिमको फर्म्याटको स्वःघोषणासम्बन्धी विवरणहरू अनिवार्य रूपमा भरी हस्ताक्षर गरेको हुनुपर्नेछ।